☎०२३-५९७००७

# बिर्तामोड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

आ.व. २०८०/०८१

च.नं.

मिति :२०८१।०३।३१

**सूचना ! सूचना ! ! सूचना ! ! !**

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

सामाजिक सुरक्षा नियमावली २०७६ (दोस्रो संशोधन) नियम (९) को उपनियम (१) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०८१ साउन १ गते देखि भदौ मसान्तसभित्रमा** सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु पर्ने व्यवस्था भए बमोजिम राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification मार्फत नवीकरण हुने हुदाँ स्वयं वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा (४) को उपदफा (६) बमोजिम म्याद भित्र नवीकरण नभएका लाभग्राहीहरुको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राहीमा सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेको हुदाँ सम्बन्धीत वडा कार्यालयमा गई नवीकरण गराउनु हुन सूचित गरिन्छ ।

पुनश्च : बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहायं वा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्रमा विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८१।०२।३० गतेको सूचना अनुसार जानकारी गराइन्छ ।

**संलग्न कागजातहरु**

- लाभग्राहीको नागरिकता प्रमाणपत्रको फोटोकपी
- सामाजिक सुरक्षा भत्ता परिचयपत्रको फोटोकपी
- राष्ट्रिय परिचयपत्र नम्बर
- पासपोर्ट साइजको १ प्रति फोटो
- बैंक खाता नम्बर
- फोन नम्बर
- वालबालिकाको हकमा जन्म दर्ताको फोटोकपी र संरक्षकको नागरिकताको फोटोकपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको फोटोकपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हक़मा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकपी साथै संरक्षकको नागरिकताको फोटोकपी

८१।४।१

तिलचन भण्डारी
उपसचिव



CamScanner